जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४३ अंक ३१ २०८१ साल चैत ३ गते आइतवार (16 Mar. 2025 Sunday) मूल्य रु. ७/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र* – **पृष्ठ २ मा :** तीन बुदे सहमति पश्चात ... **पृष्ठ ३ मा :** शान्तिको अनुभव ... **पृष्ठ ४ मा :** जनस्वास्थ्यमा हैजाको ... **पृष्ठ ५ मा :** सुरक्षा निकायका भौतिक ...

# स्वास्थ्य क्षेत्रको निगरानी तथा सुधारका लागि स्थानीय तह पनि गम्भिर हुनुपर्छ : प्रदेशसभा सदस्य यादव




**राजविराज**/मधेश प्रदेशसभा सदस्य महेश प्रसाद यादवले मधेशका हस्पिटल तथा स्वास्थ्य सस्थाहरुको अवस्था निकै नाजुक रहेको बताएका छन्। उनले स्वास्थ्य क्षेत्रको निगरानी तथा सुधारका लागि स्थानीय तहहरु पनि गम्भिर भएर लाग्नु पर्ने सुझाव समेत दिएका छन्।

जनज्योती कृषि सहकारी संस्थाको आयोजना तथा एञ्जला फाउण्डेशनको सहयोगमा शनिबार आयोजित वित्तिय साक्षरता तथा स्वास्थ्य सचेतना कार्यक्रमको उद्घाटन सत्रमा बोल्दै उनले यस्तो सुझाव दिएका हुन्।

पूर्व शिक्षा मन्त्री समेत रहेका प्रदेशसभा सदस्य यादवले अहिले प्रदेश सरकारले स्वास्थ्य संस्थाहरुको सुधारका लागि चलाएको अभियानले ती संस्थाहरुको अवस्था निकै नाजुक रहेको उल्लेख गर्दै सुधारका लागि स्थानीयहरु पनि जिम्मेवार हुनु आवश्यक रहेको औल्याए।

उनले जबसम्म स्वास्थ्य संस्थाहरु जिम्मेवार बन्दैनन् तब सम्म बिरामीहरुको स्वास्थ्य अवस्था नसुध्रिने भन्दै यसका लागि प्रदेश सरकार गम्भिर रहेको बताए।

सहकारी संस्थाहरु रकम असुली गर्ने र लगानी गर्ने मात्र काम गर्ने दायरालाई फराकिलो गरेर सामाजिक उत्तरदायित्वको भावनाले कम्तिमा आफ्ना शेयर सदस्यहरुका लागि समय समयमा स्वास्थ्य परिक्षण र उपचार सेवा प्रदान गर्न सके संस्थाहरुको समाजमा अझ साख बढ्ने उनले धारणा राखे।

संस्थाका अध्यक्ष विश्वनाथ मण्डलले संस्थाले आफ्नो दैनिकी कामकाजका साथै सामाजिक उत्तरदायित्वको जिम्मेवारी समेत वहन गर्दै आफ्ना शेयर सदस्यहरुका लागि स्वास्थ्य शिविर, स्वास्थ्य परिक्षण, विभिन्न जनचेतनामूलक तालिम, अन्तरक्रिया, गोष्ठी लगायतका क्रियाकलाप समेत गर्दै आएको जानकारी दिए।

उनले अहिलेको अवस्थामा सहकारी संस्थाहरुलाई हेर्ने नकारात्मक दृष्टिलाई थोरै भएपनि कम गर्न सस्थाले यस्ता क्रियाकलाप गरेर सहकारी संस्था अझै जनताकै हकमा काम गरिरहेको विश्वास दिलाउन लागिपरेको जिकिर समेत गरे। राष्ट्रिय सहकारी बैंकका मधेश प्रदेश संयोजक समेत रहेका अध्यक्ष मण्डलले केही सहकारी संस्थाहरुले गरेको नकारात्मक क्रियाकलापको भागिदारी सबै सहकारी संस्था नहुने भन्दै सहकारीलाई मात्र नकारात्मक रुपमा हेर्ने दृष्टिमा परिवर्तन ल्याउनु पर्ने आवश्यक रहेको बताए।

संस्थाका अध्यक्ष मण्डलको अध्यक्षतामा आयोजित स्वास्थ्य सचेतना कार्यक्रममा राजविराज वडा नं. २ अध्यक्ष अरुणकुमार यादव, पत्रकार महासंघ सप्तरीका कोषाध्यक्ष नवीन कुमार गुप्ता लगायतले संस्थाले आफ्ना शेयर सदस्यहरुका लागि स्वास्थ्य सचेतना कार्यक्रम गरेर उदाहरणिय कार्य गरेकोमा प्रशसा व्यक्त गरे।

स्वास्थ्य सचेतना कार्यक्रमपछी संस्थाका शेयर सदस्यहरुको स्वास्थ्य स्क्रिनिङ पश्चात् पाइल्स, फिसर, र फिस्टुलाका बिरामीको यकिन गरि उपचार गराइने एञ्जला फाउण्डेशनले जनाएको छ।

# मधेस प्रदेशका मुख्यमन्त्री सतिसकुमार सिंह 'महामूर्ख' घोषित

**धनुषा**/यस वर्षको महामूर्खको उपाधि मधेस प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहलाई प्रदान गरिएको छ।

होली पर्वका अवसरमा जनकपुरधाममा मिथिला नाटचकला परिषद् (मिनाप)ले आयोजना गर्दै आएको सांस्कृतिक कार्यक्रम 'महामूर्ख सम्मेलन' को दोस्रो दिन शुक्रबार मुख्यमन्त्री सिंहलाई महामूर्खको उपाधि प्रदान गरेको हो। मुख्यमन्त्री सिंहले स्वास्थ्य क्षेत्रमा गरेका कार्यहरूको प्रशंसा गर्दै उहाँलाई ठट्टास्वरूप महामूर्खको उपाधि प्रदान गरिएको हो।

होलीका अवसरमा मिनापले हरेक वर्ष यो सम्मेलन आयोजना गर्दै आएको छ। कार्यक्रममा हास्यव्यङ्ग्य र सांस्कृतिक प्रस्तुति प्रस्तुत गरिनुका साथै कला र संस्कृतिको संरक्षणमा योगदान पुऱ्याउँदै आएको छ। होली पर्वको पौराणिक गाथा, ख्यालठट्टा र मैथिली भाषामा गाइने जोगिरा गीतको संरक्षण गर्न यो कार्यक्रम २०६१ सालदेखि आयोजना भइरहेको छ।

विसं २०६१ मा महामूर्खको उपाधि मैथिली कवि नरेश ठाकुर, विसं २०६२ मा तत्कालीन नेकपा (एमाले)का नेता शीतल झा, २०६३ मा तत्कालीन जनकपुर नगरपालिकाका प्रमुख हरिबहादुर बिसी, २०६४ मा तत्कालीन सद्भावना पार्टीका नेता ओमकुमार झा, २०६५ मा वरिष्ठ साहित्यकार डा राजेन्द्र विमल, २०६६ मा पूर्वमन्त्री रामचन्द्र झा, २०६७ मा नेपालका चर्चित राजनीतिक विश्लेषक सिके लाल, २०६८ मा साहित्यकार रामभरोष कापडी भ्रमर, २०६९ मा नेपाली कांग्रेसका नेता रामसरोज यादव, २०७० मा तमलोपाका वरिष्ठ नेता डा विजयकुमार सिंह, २०७१ मा नेता शत्रुधन महतो, २०७२ मा श्मशानघाटको स्वरूप परिवर्तन गरी आधुनिक स्वर्गद्वार बनाएर चर्चा बटुलेका पवन सिङ्घानीयालाई महामूर्खको उपाधि प्रदान गरिएको थियोर।

विसं २०७३ मा सप्तरीको मलेठमा नेकपा (एमाले)ले गरेको मेची-महाकाली अभियानका क्रममा प्रहरीको गोली लागेर पाँच जनाको मृत्यु भएपछि अन्तिम समयमा मिनापले सो कार्यक्रम स्थगन गरेको थियो। विसं २०७४ मा महामूर्खको उपाधि तमलोपाका अध्यक्ष वृषेशचन्द्र लाल र विसं २०७५ मा जसपाका नेता लालकिशोर साहलाई प्रदान गरिएको थियो। विसं २०७६ मा मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, २०७७ मा महजोडी मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य एवं २०७८ सालमा अर्थविद् डा भोगेन्द्र झा, २०७९ मा जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज साहलाई प्रदान गरिएको थियो भने २०८० को महामूर्खको उपाधि मधेस प्रदेशका सभामुख रामचन्द्र मण्डललाई प्रदान गरिएको थियो।

# सप्तरीबाट ८ हजार ७ सय १५ विद्यार्थी एसइईमा सहभागी

**राजविराज**/यही चैत ७ गतेदेखी संचालन हुने एसइई परिक्षका लागि सप्तरी जिल्लाबाट ८ हजार ७ सय १५ विद्यार्थी सहभागी हुँदैछन्।

साधारण तर्फबाट ७ हजार ८ सय ४८, प्राविधिकतर्फ ३ सय ९ र ग्रेडबृद्धि तर्फबाट ५ सय ५८ विद्यार्थी सहभागी हुने शिक्षा विकास तथा समन्वय इकाई सप्तरीका प्रमुख शशि यादवले जानकारी दिएका छन्।

एक सय ४२ विद्यालयबाट सहभागी हुने उक्त संख्याको विद्यार्थीहरुका लागि ३७ वटा [redacted]एको छ। [redacted]जना केन्द्राध्यक्ष, ४७ जना सहायक केन्द्राध्यक्ष, ४ सय ३४ जना निरीक्षक, ६७ जना परीक्षा सहायक, ५ सय ५५ जना सुरक्षाकर्मी, १ सय ६२ जना कार्यालय सहयोगी गरि जम्मा १ हजार ३ सय २ जना कर्मचारी परीक्षामा खटिने प्रमुख यादवले जनाए।

जिल्लाका ९० सामुदायिक विद्यालय र ५२ संस्थागत विद्यालयका बिद्यार्थी परीक्षामा सहभागी हुने भएका छन्। मधेस प्रदेशका आठ जिल्ला मध्ये सबैभन्दा कम सप्तरी जिल्लाबाट परीक्षामा बिद्यार्थी सहभागी हुँदैछन्।

डढेलो नियन्त्रण गरौं, जीवन र वन जोगाऔं ।

- सुख्खा मौसममा डढेलो लाग्न सक्छ,
- डढेलोले मानीस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ,

त्यसैले डढेलोबाट जोगिन:

- वन क्षेत्रमा आगो नबालौं,
- सुख्खा घाँस जस्ता ज्वलनशील पदार्थहरू सुरक्षित रूपमा व्यवस्थापन गरौं,
- चुरोट, बीडी, आगोका झिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलो देखिएमा तत्काल स्थानीय प्रशासनमा खबर गरौं,
- डढेलो विरुद्द समुदायस्तरमा सचेतना फैलाऔं,
- वन संरक्षणमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### खेलकुद गतिविधि बढाउ

सप्तरी जिल्लामा खेलकुद गतिविधि बढाउनु आवश्यक छ । हाल खेलकुद गतिविधि निकै कम हुने गरेको यस जिल्लाबाट विगतमा सयौं उत्कृष्ट खेलाडीहरु उत्पादन भएका छन् । क्रिकेट, फुटवल, भारोत्तोलन लगायतका खेलहरुका उर्जावान खेलाडीहरु उत्पादन भए । यहाँबाट सबै भन्दा बढी क्रिकेट र भारोत्तोलन खेलाडीहरु उत्पादन भएका छन् । अहिले पनि भारोत्तोलन खेलमा विभिन्न विभागिय टिमहरुबाट यसै जिल्लाका खेलाडीहरु खेलिरहेका छन् । वर्तमान अवस्थामा ती खेलाडीहरु मासिक सेवा सुविधाका साथ प्रहरी, सेना र सशस्त्र प्रहरीको टिमबाट खेलिरहेका छन् । यस बाहेक जिल्लाबाट राष्ट्रिय तथा अन्तराष्ट्रिय किर्तिमानी क्रिकेट खेलाडीहरु समेत उत्पादन भएका छन् ।

खेलाडीहरु उत्पादन त भए तर, उनीहरु संरक्षण नपाएकोले धेरै दिनसम्म सो क्षेत्रमा टिक्न सकेनन् । खेलकुदका लागि योग्य मैदान र सामाग्रिको अभावमा खेलकुद गतिविधीमा सुधार आउन सकेको छैन् । सरोकारवाला निकायको उदासिनता र राजनीतिक दलहरुको गैरजिम्मेवारी भूमिकाका कारण यो क्षेत्र भरपर्दो बन्न सकेन् । कुनै पनि खेलका लागि स्थानिय पालिकाहरुले वार्षिक बजेट बिनियोजन गर्न सकेका छैनन् ।

तसर्थ जिल्लामा खेलकुद गतिविधिमा तिब्रता ल्याउन यहाँका सम्पूर्ण सरोकारवाला निकायको एक मत हुनु आवश्यक छ । यसका लागि खेलकुदसँग आवद्ध सम्पूर्ण निकायले दिर्घकालिन योजना बनाई एउटा ठोस नीति निर्माण गरेर खेलकुदमै युवाहरुको भविष्य सुनिश्चित छ भन्ने कुराको महसुस गराउनु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# तीन बुदे सहमति पश्चात् मलाह समुदायको अनशन तोडियो

**राजविराज**/विभिन्न २० बुदे माग राखी मलाह समुदायले सुरु गरेको आमरण अनसन तीन बुदे सहमति पश्चात् बिहीबार तोडिएको छ ।

एक महिना लामो समयदेखी रिले अनसन त्यसपछी सुरु गरेको आमरण अनसनमा बसेका मलाह समुदायका पाँच बृद्ध अगुवाहरुलाई बिहीबार प्रतिनिधिसभा सदस्य डा. सीके राउतले जुस पिलाएर अनसन तोडाएका हुन् ।



तीन बुदे लिखित प्रतिवद्धतामा आन्दोलनको स्वरुप परिवर्तन गर्ने, मलाह समुदायले उठाएका जायज माग सम्वोधनका लागि नेपाल मलाह कल्याण संघका प्रतिनिधि तथा विज्ञहरु सम्मिलित कार्यदल गठन गर्ने तथा जिल्ला जिल्लामा अन्तरक्रिया मार्फत प्राप्त सुझावहरुलाई समेटेर काठमाडौं पुगि नेपाल सरकारलाई ज्ञापनपत्र बुझाउने उल्लेख छ ।

समझौता पश्चात् जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका प्रतिनिधिसभा सदस्य डा. राउतले मलाह समुदायका जायज माग सम्बोधनका लागि जनमत पार्टीले समेत आवश्यक पहल गर्ने प्रतिवद्धता जनाए । पीडितका पक्षमा सुरुदेखि नै जनमत पार्टीले आवाज उठाउँदै आएको बताउँदै डा. राउतले पीडित मध्येका अर्को मलाह समुदाय पनि जोडिएको उल्लेख गरे ।

मधेश प्रदेशका सांसद एवं जनमत पार्टी संसदीय दलका नेता महेश प्रसाद यादवले मलाह समुदायले उठाएका मागहरु प्रति आफूहरु गंभिर रहेको र यसका लागि आवश्यक पहल गर्ने प्रतिवद्धता जनाउदै आमरण अनसन जस्तो कठोर आन्दोलन नगर्न आग्रह गरेका थिए ।

मधेश प्रदेशका सभा सदस्य एवं पुर्व मन्त्री महेश प्रसाद यादव, जनमत पार्टीका संगठन विभाग प्रमुख डा.जयकान्त राउत, निमित्त प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादव, जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणी पौडेल, राष्ट्रिय अनुसन्धान कार्यालय सप्तरीका प्रमुख सुरेन्द्र कोईराला, हनुमाननगर कंकालिनी नगरपालिकाका प्रमुख विरेन्द्र माझी, समाजसेवी सुरज सिंह, नेपाल मलाह कल्याण संघका राष्ट्रिय अध्यक्ष नारायण मुखिया समेतको उपस्थिति थियो ।

सरकारी स्वामित्वमा रहेका मत्स्य फर्महरु, सिमसार र रिजर्भ्यार आदीमा मलाह जातीलाई पचास प्रतिशत आरक्षण, संघीय र सात वटै प्रदेशमा मत्स्य मन्त्रालयको स्थापना लगायतका विभिन्न २० बुन्दे माग राखी मलाह कल्याण संघका केन्द्रिय सदस्य ६५ वर्षीय बेचन मुखियाको नेतृत्वमा फागुन २५ देखि ७५ वर्षीय विलेक्षण मुखिया, ७० वर्षीय रशीलाल मुखिया, ६४ वर्षीय पञ्चलाल मुखिया र ६१ वर्षीय सदमलाल मुखिया आमरण अनसनमा बसेका थिए ।

माग सम्बोधनका लागि यसअघि नेपाल मलाह कल्याण संघको अगुवाईमा माघ २५ देखि रिले अनसन शुरु गरिएको थियो । तर, रिले अनसनको एक महिना वितेपनि सरकारले कुनै चासो नदेखाएको भन्दै फागुन २५ देखि आमरण अनसन थालिएको थियो ।

# सकरपुराका अग्नीपीडित परिवारलाई गाउँपालिकाबाट राहत प्रदान

**राजविराज**/सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ३ सकरपुराका अग्नीपीडित परिवारलाई गाउँपालिकाबाट राहत सामग्री प्रदान गरिएको छ ।



सोमबार गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, उपाध्यक्ष फुलकुमारी साह, वडा अध्यक्ष रमेश मुखिया, विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, पूर्व वडा अध्यक्ष मनोज चौधरीसहितकाले राहत सामग्री वितरण गरेका हुन् ।

गाउँपालिकाबाट सोमबार अग्निपीडित तीन परिवारलाई राहत स्वरुप त्रिपाल, कम्बल, हाइजिन किट, च्यूरा ५ किलो, भुजा ५ किलो, नुन २ किलो, भुजिया १ किलो, साडी ६ थान, लुङ्गी ६ थान, चामल २५ किलो, खाने तेल १ लिटर, बेडसिट, बाल्टिन, मग, बच्चाको कपडासहितको सामग्री प्रदान गरिएको गाउँपालिकाका विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झाले जानकारी दिए ।

गत आइतबार राती भएको भिषण आगलागिमा लाखौं मुल्य बराबरको धनमाल जलेर क्षति भएको थियो । आगलागिमा ६ वटा चौपाया, २ लाख ३५ हजार नगद, ७ तोला सुन र २ किलो चाँदीसहित ३३ लाख ७० हजार मुल्य बराबरको धनमाल क्षति भएको हो ।

स्थानीय नथुनी यादवको घर नजिक बालेको परालको घुरबाट सल्केको आगोले नथुनीको एक घरसहित तीन जनाको घर जलेर नष्ट हुँदा करिब ३३ लाख ७० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार आगलागिमा नयनि यादव, गोकर्ण मुखिया र लखन मुखियाको घर जलेर नष्ट भएको छ ।

नथुनीको घरसहित खाद्यान, लत्ताकपडा, भाडा वर्तन सुन चाँदी लगायत गरि ११ लाख ३३ हजार, गोकर्ण मुखियाको घरसहित खाद्यान, लत्ताकपडा, भाडा वर्तन सुन चाँदी, चौपाया लगायत गरि २० लाख ३५ हजार र लखन मुखियाको खाद्यान, लत्ताकपडा, भाडा वर्तन, चौपाया लगायत गरि २ लाख २ हजार गरि ३३ लाख ७० हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

प्रहरी चौकी तिलाठी, सशस्त्र प्रहरी, राजविराज र हनुमाननगर कंकालिनिको बारुणयन्त्र तथा स्थानियबासिको सहयोगमा दुई घण्टा पश्चात् आगो पुर्ण रुपमा नियन्त्रणमा आएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

आगलागिमा घर जलेका पीडितहरु अहिले खुल्ला आकाशमुनी बस्न बाध्य छन् । आगलागिमा घरसहित अन्नपात, लताकपडा जलेर खरानी भएपछि उनीहरु अहिले खुल्ला आकाशमुनी बस्न बाध्य भएका हुन् ।

यसअघि अघिल्लो दिन मात्र सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ मा वडा वडाअध्यक्ष शत्रुधन मण्डलको घरमा आगलागि भई ८ लाख ७० हजार बराबरको क्षति भएको थियो ।

# महिलालाई रोजगार उपलब्ध गराई आत्मनिर्भर बनाउने उद्देश्यले ग्राम उधोगको स्थापना हुँदै

**राजविराज**/सप्तरी क्षेत्र नं. २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य डा. सीके राउतले बुधबार आफ्नो निर्वाचन क्षेत्रका दुई वटा योजना शिलान्यास गरेका छन् ।

सप्तरीको दुई स्थानमा ग्रामिण क्षेत्रका महिलालाई रोजगार उपलब्ध गराई आत्मनिर्भर बनाउने उद्देश्यले ग्राम उधोगको शिलान्यास गरेका हुन् । डा राउत र मधेश प्रदेशसभामा जनमत पार्टीका संसदीय दलका नेता महेश प्रसाद यादवको पहलमा मधेश प्रदेश सरकारबाट उक्त बजेट बिनियोजन गरिएको हो ।

ग्राम उद्योग भवनको राजविराज नगरपालिका १५ स्थित मुसहरनिया र महदेवा गाउँपालिका १ पकरीमा आयोजित समारोहका बीच उनले भुमीपुजन गरि शिलान्यास गरेका हुन् । ५०-५० लाखको लागतमा उक्त भवन निर्माण हुन लागेको हो ।

जनमत पार्टीका राष्ट्रिय अध्यक्ष समेत रहेका डा राउतले आफ्नो श्रोत, साधन र प्रयासले भ्याएसम्म शिक्षा, स्वास्थ्य, कृषि र रोजगार क्षेत्रमा लगानी गर्ने प्रतिबद्धता व्यक्त गर्दै सो क्रम चलिरहने बताए । उक्त ग्राम उद्योगमा विभिन्न स-साना उद्योग स्थापना गरिने तथा महिलालाई सीप सिकाएर रोजगारीको व्यवस्था मिलाउने योजना रहेको जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेता एवं पूर्व मन्त्री यादवले बताए ।

# शान्तिको अनुभव नगरेसम्म हरेक चीज अधुरो रहनेछ

**प्रेम रावत**

हामीलाई सबै प्रकारका मानिसको महत्त्वका बारेमा थाहा छ ।

बस चालकले गाडी हाँक्छन् भन्ने कुराको महत्त्व थाहा छ । यसरी नै के कहिल्यै गुरुको महत्त्वका बारेमा सोच्यौं ? हाम्रो जीवनमा गुरुको महत्त्व के छ भने उहाँले हाम्रो अँध्यारो स्थानमा प्रकाश छरिदिनुहुन्छ । प्रश्न उठ्छ, यो कसरी सम्भव हुन्छ ! यदि गुरुले दियो बाल्नुभयो तर हामीले त्यसलाई निभाउन थाल्यौं भने संसारमा उज्यालो सम्भव हुँदैन ।

गुरुले दियो बालिदिनुभयो भने त्यसलाई निभ्न नदिने कुराको जिम्मेवारीलाई हामीले वहन गर्नुपर्छ । प्रायः हामी यो जिम्मेवारीलाई बुझ्न सकिरहेका हुँदैनौं । यसलाई गुरुमाथि थोपरिदिन्छौं, 'तपाईंले नै सबैथोक गरिदिनुहोस् ।' गुरुले डुङ्गा ल्याउनुभयो, त्यसमा बसाउनुभयो भने हामीले त्यहाँबाट हाम फाल्नुहुँदैन भन्ने कुराचाहिँ हाम्रो जिम्मेवारी हो । यदि हाम फालिरहन्छौं भने डुबिरहन्छौं नै । म डुब्न चाहन्न भन्ने लाग्छ भने त्यही डुङ्गामा बसिरहनुपर्छ ।

यो हामीले बुझ्नुपर्ने कुरा हो । हिजोआज मानिसले आफूलाई एउटा फरक प्रकृतिको प्राणीका रूपमा सोच्न थालेका छन्, किनभने अहिले हामीसँग पहिला नभएका थुप्रै प्रविधि तथा उपकरणहरू छन् ।

अहिले आफ्नो जिम्मेवारी फेरिएको छ भन्ने ठान्छ । हामीसँग भएको मोबाइललाई हामी एकदमै अद्भुत प्रविधि मान्छौं । तर, के तपाईंले कहिल्यै सोच्नुभएको छ, यो प्रविधि कसले बनाएको हो ? ती कम्पनीहरूको उद्देश्य मानव कल्याण नभएर नाफा कमाउनु नै हो । ती कम्पनीले हामीलाई सुविधा त दिन्छन् तर बदलामा हामीबाट पैसा असुल्छन् ।

पैसै नभएको सिमकार्ड छ भने तपाईंको मोबाइलको कुनै कामै छैन । यसमा पटक-पटक पैसा हाल्नुपर्छ । हिजोआज हाम्रो स्थिति नै कस्तोसम्म भयो भने हामी फोनको ब्याट्रीका लागि चिन्तित हुन्छौं । हामी सधैं हाम्रो मोबाइलमा कति चार्ज छ भनेर हेरिरहेका हुन्छौं । मोबाइललाई बढी उपयोग गर्नेहरूले ब्याट्री सकिनासाथ चार्ज गर्न पाइयोस् भनेर आफ्नो साथमा एउटा ब्याट्री लिएर हिँड्छन् ।

मोबाइल किन्नुको मुख्य लक्ष्य त्यसले तपाईंको चिन्ता हटाओस् भन्ने हो । यस विपरीत त्यसलाई किनेपछि तपाईंमाथि त्यसको पनि चिन्ता थपिन्छ । के म मोबाइलको चार्ज नसकिदै समयमै पुग्न सक्छु भन्ने चिन्ताले सताउँछ । हामी यसरी नै बिहानदेखि साँझसम्म अनि साँझदेखि बिहानसम्म चिन्तामा डुबिरहन्छौं । आजको मानिस चिन्तामा डुबेको छ । त्यो चिन्ताबाट आफूलाई बचाउनका लागि उसले प्रयोग गरिरहेको प्रविधिले उसमा अझै थप चिन्ता बढाइरहेको छ । चिन्तामा डुबेको मानिसले कसरी आनन्दको अनुभव गर्न सक्छ ?

हामी सबै जीवनमा आनन्दको खोजीमा छौं तर जबसम्म हामी चिन्तामा डुबिरहन्छौं नि तबसम्म साँचो आनन्दलाई अनुभव गर्न सक्दैनौं ।यो दुनियाँमा बहस भइरहेका कैयन् कुराहरू हुन्छन् । सन्त महात्माहरूले सबै कुरा लेखिदिएका छन् । उनीहरूले कुनै कुरा बाँकी नराखी सबै लेखिदिएका छन् । लेख्न बाँकी नयाँ कुरा नै छैन । आत्मज्ञानविना भौंतारिन्छ मानिस, कहिले मथुरा कहिले काशी

मृगको नाभीमै छ कस्तूरी, भौंतारिन्छ वन-वनमा भई उदासी ।

यो कति राम्रो कुरा हो ! यति राम्रो कुरा मानिसको जीवनमा किन स्थायी रूपमा रहँदैन ! मानिसले किन यस कुरालाई आफ्नो व्यवहारमा उतार्दैन ! ऋषिमुनि, वेदव्यास आदिले किन यस्ता कुराहरू लेखे ! लेखिएका विषयमा आजका मानिसहरू के गरिरहेका छन् ! त्यसलाई रटिरहेका छन् । धेरै घोक्न सक्नेलाई ठूलो विद्वान् मानिन्छ । पूरै पुस्तकै याद गरेका कारण जीवन सफल हुने होइन ।

सबैभन्दा महत्त्वपूर्ण कुरा त तपाईंभित्र बसेका उनीसँग नाता गाँस्नुहोस् अनि आफ्नो जीवनलाई सफल तुल्याउनुहोस् । जीवन सफल पार्नुको अर्थ नै यही हो । जीवनमा सबैभन्दा आवश्यक कुरा अनुभव हो । अनुभवविना सबै कुराहरू अपूरा हुन्छन् । हामीले खोजिरहेको चीजलाई आफ्नो मन-बुद्धिले बुझ्ने कोशिश गर्दछौं ।

त्यो चीजलाई मन या विचारद्वारा बुझ्न सकिँदैन । किनभने, त्यो अनुभव गर्ने कुरा हो । सृष्टिकर्ताले मानिसलाई 'अनुभव' गर्ने सबैभन्दा उत्कृष्ट गुण दिएका छन् । मानिसलाई अनुभव भएपछि प्रश्नको सहारा लिन आवश्यक हुँदैन । उसका सबै प्रश्नहरू सकिन्छन् । त्यसपछि कुरा स्पष्ट हुन्छ । तपाईंको जीवनमा पनि त्यो कुरा स्पष्ट हुनुपर्दछ । यदि तपाईंमा प्रश्न छन् तर उत्तर छैन भने तपाईंले कुनै चीजलाई प्राप्त गर्नुभएको छैन ।

त्यो चीज प्राप्त भएपछि त्यस दिन तपाईंका सबै प्रश्नहरू केही नगरी उत्तरमा परिणत हुनेछन् । जस्तै- तपाईंलाई भोक लागेपछि तपाईंले केही खानेकुरा छ ? भनेर सोध्दा मैले खानेकुराका बारेमा भन्न थालें भने तपाईंको मुखमा पानी त अवश्य आउला तर तपाईंको भोक कदापि मेटिँदैन । भोक त केही खाएपछि मात्रै मेटिनेछ । त्यसै गरी जुन तपाईंभित्रको शान्ति छ त्यो परिभाषाको विषय होइन । शान्ति त अनुभूत गर्ने कुरा हो । त्यसलाई अनुभव गर्नु आवश्यक हुन्छ । मानिसले आफ्नो जीवनमा शान्तिको अनुभव नगरेसम्म उसका लागि हरेक चीज अधुरो रहनेछ ।

एउटा कथा छ । एकजना मानिस थिए । उनलाई सुगा पाल्ने एकदमै धेरै सोख थियो । उनले तीनवटा स-साना सुगाका बच्चा (चल्ला) किनेर ल्याए । बाल्यावस्थादेखि नै ती सुगालाई उनले सबै कुरा सिकाउने कोशिश गरे । शास्त्र सिकाए, गणित पढाए, विज्ञानमा सबै कुरा सिकाए । राम्रा-राम्रा कुराहरू सिकाए । ती सुगा ठूला भएपछि सबै कुराहरू बताउन थाले । कसैले विज्ञानका कुरा गर्न थाले, कसैले गणितका कुरामा चर्चा गर्थे त कसैले शास्त्रका कुरा भन्न थाले ।

ती सुगा महाज्ञानी बने । एकदिन ती सुगाका मालिकको मृत्यु भयो । उनका आफन्तहरू भेला भए । उनको अन्तिम संस्कारपश्चात् ती सुगालाई कहाँ राख्ने भनेर आफन्तहरूले छलफल गरे । हेरचाह कसले गर्ने ? निकै सोच-विचार गरेपछि उनीहरूले ती सुगालाई स्वतन्त्र छोडिदिने निर्णय गरे । उनीहरूले पिँजडाको ढोको खोलिदिए । ती सुगा पहिलोपटक पिँजडाबाट बाहिर निस्किए । तिनीहरूलाई अब के गर्ने भन्ने अन्योल भयो । तिनीहरू गएर एउटा रुखमा बसे । यताउता हेरे अनि फेरि ज्ञानका विषयमा चर्चा-परिचर्चा गर्न थाले ।

त्यो रुखमा एउटा जङ्गली सुगा पहिल्यै आएर बसेको थियो । ती तीनवटैलाई देखेपछि उसले सोध्यो, 'साथीहरू, तपाईंहरू को हुनुहुन्छ ?' तिनीहरूले भने- 'हजुर, हामी विद्वान् हौं । केही सोध्न चाहनुहुन्छ भने सोध्नुहोस् । हामीलाई सबै कुराको ज्ञान छ ।'

जङ्गली सुगा एकदमै अचम्मित भयो । उसलाई त केही कुराका बारेमा ज्ञान थिएन, के सोध्यो र ! ऊ चुपचाप बस्यो । केही बेरपछि अचानक जङ्गली सुगाको नजर रुखको फेदतिर पुग्यो । उसले देख्यो, एउटा बिरालो फेदबाट माथितिर त्यही रुखमा चढिरहेको छ ।

जङ्गली सुगाले ती तीनवटैसँग सोध्यो, 'के तपाईंहरूलाई उड्ने ज्ञान पनि छ ?'

तिनीहरूले भने, 'उड्ने ज्ञान ? हामीलाई उडान कसरी भर्ने भन्ने ज्ञान छ । तर, हामी कहिल्यै आफ्नो जीवनमा उडेका छैनौं । कसरी उड्नुपर्छ त्यसका बारेमा हामीलाई ज्ञान छ । हामीसँग सोध्नुहोस्, 'गणितमा कुन सूत्र हुन्छ ? हामी तपाईंलाई बताउनका लागि तयार छौं- कहिलेदेखि उडान भरिएको हो । राइट ब्रदर्स ( दाजुभाइ) का बारेमा सोध्नुहोस् । उनीहरूले सबैभन्दा पहिला हवाईजहाज बनाए । ती सबै कुरा हामीलाई थाहा छ ।'

त्यो सुगाले फेरि भन्यो, 'यी सबै कुराका बारेमा मैले सोधिरहेको होइन । म त के सोध्दै छु भने, तपाईंहरूलाई उड्न आउँछ कि आउँदैन ?'

तिनीहरूले भने, 'उड्न त जान्दैनौं । यसले के फरक पर्छ र ? हामीलाई कसरी उडिन्छ भन्ने बारेमा ज्ञान छ । पन्छीले आफ्नो पखेटालाई हावामा तल-माथि गर्दा माथि कम प्रेसर अनि तल बढी प्रेसर भएपछि पन्छी उड्न थाल्छ । हामी कहिल्यै उडेका छैनौं तर हामीलाई सबै कुराको ज्ञान छ ।' बिस्तारै-बिस्तारै त्यो बिरालो अझै नजिक आइरहेको देखेपछि जङ्गली सुगाले भन्यो, 'तपाईंहरूसँग यी धेरै कुराको ज्ञान रहेछ, यो त राम्रो कुरा हो । तर, यदि उड्न सक्ने ज्ञान छैन भने तपाईंहरूलाई त आपतै पर्नेछ ।'

यति भनेर त्यो सुगा भुर्र उडेर गयो । ती सुगाहरू एक-आपसमा कुरा गर्न थाले । यत्तिकैमा उताबाट बिरालो आएर तीनैवटालाई मारेर खाइदियो । हामी मानिससँग पनि यस्तै हुन्छ । अन्य सबै कुराका बारेमा त हामीले ज्ञान प्राप्त गर्‍यौं तर आफूले आफैँलाई चिन्ने ज्ञानलाई हासिल गरेनौं भने सबै कुरा अधुरै रहनेछन् । यदि हामीले हरेक चीजका बारेमा अनुभव गरेर अघि बढ्यौं भने यस जीवनमा वास्तविक सुख र शान्ति प्राप्त हुनेछ । तर, आँखा बन्द गरेर हिँड्यौं भने कतै न कतै गएर ठोकिनुपर्नेछ ।

आज हामी रहेको युगमा ज्ञानको अभाव छैन । तर, जीवनमा अत्यावश्यक चीजका लागि हामीले जान्नु जरुरी छ । अनि त्यो चीजलाई वास्तविक बनाउनका लागि अनुभव गर्नु आवश्यक छ, जसले गर्दा त्यसलाई हामीले आफ्नो जीवनमा व्यावहारिक रूपमा लागू गर्न सकौं ।

यो संसारमा शान्तिका बारेमा चर्चा गर्ने मानिस धेरै छन् तर मानिसले त्यो शान्ति आफैँले अनुभव नगरेसम्म केवल शब्द मात्रै हुनेछ । हामीले शान्तिको अनुभव गर्नु आवश्यक छ । चाहे हामीसँग जतिसुकै धन होओस् तर आन्तरिक शान्तिको अभावमा हामी गरिबको गरिब नै हुनेछौं । जुन दिन हामीभित्र शान्तिको अनुभव हुनेछ, हामीले शान्ति-शान्ति भनिरहनु आवश्यक हुँदैन । (मानवता र शान्ति विषयका अन्तर्राष्ट्रिय वक्ता प्रेम रावतको सम्बोधन । संकलन एवं प्रस्तुतीकरण : डा. प्रेमराज ढुङ्गेल) न्युज अफ नेपालबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**अग्निसाइर कृष्णासवरण गाउँपालिका, सप्तरी**

# जनस्वास्थ्यमा हैजाको प्रभाव

> "हरेक घटनाबाट पाठ सिक्नु पर्दछ । हैजाले हामीलाई आधुनिक जनस्वास्थ्यका संकटहरू बुझ्न र उचित व्यवस्थापन गर्नको लागि अनुपम ज्ञान दिएको छ ।



अंशु भूसाल

रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्नै नदिनु जनस्वास्थ्यको आधारभूत सिद्धान्त हो । यो सिद्धान्त स्वस्थ जीवनलाई प्रवर्द्धन, सुधार र टेवा पुऱ्याउनको लागि आवश्यक छ ।

कुनै पनि नयाँ कुराको आविष्कार वा भनौं सुरुवात, को बाट भयो भनेर सोध्दा, सामान्यता व्यक्तिको नाम आउँछ तर जनस्वास्थ्यमा हैजा'लाई पिताको रुपमा बुझिन्छ । १९औं शताब्दीमा भएको हैजाको कारणले जनस्वास्थ्यको जग तथा विकास भयो भन्दा अन्यथा नहोला । उचित उपचारको अभावमा, हैजाले शरीरमा गम्भीर रुपले पानीको मात्रा घटाउँछ र बिरामीको मृत्यु समेत हुन सक्छ । हैजाले बालबालिका तथा वृद्धवृद्धालाई बढी असर गर्दछ । हैजा रोकथाम गर्न सकिने रोग भएपनि जनस्वास्थ्यको समस्याको रुपमा चिनिएको छ ।

सन् १८५४मा लन्डनमा हैजाले महामारीको रुप लिएको थियो । जोन् इस्नोले अध्ययन तथा अनुसन्धान गरेर प्रदुषित पानी नै महामारीको मुख्य कारण हो भनेर पत्ता लगाएका थिए । त्यसको लागि उनले सोहो जिल्लामा भइरहेको यस महामारीको विस्तृत अनुसन्धान गर्दा, त्यहाँ रहेको ब्रोड स्ट्रिटको पानीको पम्प मुख्य स्रोत ठहरियो । पम्पको ह्यान्डल हटाएपछि, फलस्वरुप महामारी रोकिएको थियो । त्यसका साथसाथै, स्नोले लन्डनका घरहरुमा पानी प्रदान गर्ने दुईटा पानी वितरण प्रणालीको अध्ययन गरे । एउटाले थेम्स नदीको प्रदुषित भागबाट पानी ल्याउथे भने, अर्कोले नदीको सफा भागबाट । सफा पानीको प्रयोग गर्नेमा रोगको संक्रमणको दर कम देखियो । यस अध्ययनले स्वच्छता अभियानलाई बलियो बनायो । रोग फैलिने कारण (मियास्मा सिद्धान्त अर्थात् दुषित हावा)बारे धारणा परिवर्तन गर्दै पानी शुद्धीकरण र नाली सरसफाईलाई प्राथमिकता दिन महत्वपूर्ण भूमिका खेल्यो । फलस्वरुप, सहरहरुले ढल व्यवस्थापन तथा पानी शुद्धिकरणमा विशेष ध्यान दिन थाले ।

हैजाको फोहोर र संक्रमित पानीका मुहानसँग गहिरो सम्बन्ध छ । यो कुरा पत्ता लागेपछि आम मानिसमा सफा तथा शुद्ध पानी, व्यवस्थित फोहोर व्यवस्थापनको महत्व बढ्यो । पानी वितरणका संरचनाहरुमा ध्यान दिन थालियो । हैजामा स्नोले गरेको अध्ययन तथा अनुसन्धानले गर्दा इपिडिमियोलोजीको जग बस्यो । इपिडिमियोलोजी भनेको कुनै पनि रोगको वितरण र निर्धारक कारकहरुको अध्ययन हो जसले गर्दा रोगलाई फैलिनबाट नियन्त्रण गर्न, भविष्यमा हुन सक्ने प्रकोपहरु रोक्न तथा दीर्घकालीन रुपमा स्वास्थ्यमा सुधार गर्न महत्वपूर्ण भूमिका खेल्दछ । हैजा १८५४ मा मात्र नभई त्यो भन्दा अगाडि पनि हैजाले सताएको थियो र अनुसन्धानका कार्यहरुको पनि थालनी भएको थियो । सन् १८४८-४९मा भएको हैजाको महामारीले हजारौंको ज्यान लियो, जसको कारण ब्रिटेनमा जनस्वास्थ्यको ऐन आयो ।

त्यस समयको स्वास्थ्य प्रणालीले बिरामी भएपछि बल्ल स्वास्थ्यमा ध्यान दिन्थ्यो भने स्नोको अनुसन्धान पछि रोकथामका कार्यहरुमा ध्यान केन्द्रित हुन थालेको थियो । यस रोगको रोकथाममा शुद्ध पानीको पहुँच, उचित फोहोर व्यवस्थापन तथा सरसफाइका अभ्यासहरुले टेवा दियो ।

विभिन्न समय र राष्ट्मा भएको हैजाले, राष्ट्रियमात्र नभई अन्तर्राष्ट्रिय साथ-सहयोगको महत्व पनि उजागर भयो । युरोपमा हैजा दोहोरि रहेकोले एक देशबाट अर्को देशमा हैजाको महामारी फैलिन नदिनको लागि के के गर्न सकिन्छ भनेर छलफल गर्ने माध्यम बनेको अन्तर्राष्ट्रिय सेनेटरी सम्मेलन (१९५१)ले स्वास्थ्यसम्बन्धी समस्याहरुलाई राष्ट्हरुले कसरी समाधान गर्न सकिन्छ भन्ने प्रणालीको सुरुवात गर्यो । फलस्वरुप, विश्व स्वास्थ्य संगठन जस्ता अन्तर्राष्ट्रिय स्वास्थ्य संस्थाको स्थापना भयो ।

हैजाको कारणले माइक्रोबायोलोजी (सूक्ष्म जीवविज्ञान)मा प्रगति भयो । रोबर्ट कोचले सन् १८८४मा यसको कारक ब्याक्टेरिया ( भिब्रियो कोलेरा) पत्ता लगाउनु भयो । यो खोजले लुईस् पास्चरले प्रतिपादन गर्नु भएको रोगको किटाणु सिद्धान्त (खुल्ला आँखाले देख्न नसकिने जीवाणु जस्तै ब्याक्टेरिया, भाइरस, फंगस हाम्रो शरीरमा प्रवेश गरेर रोग लाग्ने कारण बन्छन् ।)लाई थप उर्जा दियो र त्यसका साथै रोगको रोकथाम तथा उपचारमा नँया आयाम ल्याउन सफल भयो ।

त्यसैगरी, हैजाको कारणले स्वास्थ्य र जीवनको गुणस्तर बीचको अन्तरक्रियाले चर्चा पाएको थियो । र यसका साथै बढ्दो सहरी जीवनलाई कसरी व्यवस्थित गर्ने भन्ने कुरा नि मुख्य रह्यो । राष्ट्हरुले पनि बढ्दो जनसंख्या, घरायसी अवस्था, सरसफाईलाई सम्बोधन गर्न स्वास्थ्य सम्बन्धि नीति तथा सहरी विकास योजनामा लागु गर्न लागे ।

मुख्य कुरा भनेको त आम सर्वसाधारणलाई हैजा भनेको के हो भन्ने बारेमा विस्तृत जानकारी हुनु महत्वपूर्ण हो । यसले गर्दा आधुनिक स्वास्थ्य शिक्षाको आधार तयार भयो । सरकारी स्तरबाटै स्वास्थ्य क्षेत्रमा संलग्न हुँदा गरिरहेका गतिविधिले दिगोपन पाउने सम्भावना हुन्छ । जनस्वास्थ्यका विभाग तथा सम्बन्धित कार्यलयको स्थापनाले रोग फैलिन नदिन गरिएका गतिविधि देखि त्यसको उचित निगरानी र अनुगमनलाई थप साथ र सहयोग दियो । हैजाले केवल हाम्रो व्यवहारलाई मात्र होइन, समाजको असमानता र विकासको कमीलाई पनि सतहमा ल्यायो । भन्ने नै हो भने, यस रोगले इपिडिमियोलोजी, सरसफाइ र रोगको रोकथाम गरेर स्वस्थ्य रहने विधिमा नँया आयाम दिँदै जनस्वास्थ्यलाई हालको अवस्थामा ल्याउन ठूलो भूमिका खेलेको छ ।

हरेक घटनाबाट पाठ सिक्नु पर्दछ । हैजाले हामीलाई आधुनिक जनस्वास्थ्यका संकटहरु बुझ्न र उचित व्यवस्थापन गर्नको लागि अनुपम ज्ञान दिएको छ । रोगको निगरानी, अनुसन्धानमूलक खोज र सही आपतकालिन अवस्थालाई सम्बोधन गर्न स्पष्ट रुपले जानकारी दिन आवश्यक हुन्छ । यसले गर्दा, विश्वसनीयताको वातावरण सिर्जना भएर आवश्यक समन्वयमा सहज हुन्छ ।

उदाहरणको लागि कोभिड१९ लाई हेर्न सक्छौं । जोन स्नोले नक्साको प्रयोग गरेर दूषित पानीलाई रोगको स्रोतको रुपमा पत्ता लगाएका थिए, जसले गर्दा सही ठाँउमा उपचार पुर्याउन मद्धत गर्यो । कोभिडको कुरा गर्ने हो भने, डिजिटल उपकरणहरुको प्रयोगले रोगहरुको पहिचान, तथ्याक संकलन र जानकारी प्रसारण गर्न सहज भएको थियो । दुवै महामारीलाई गलत जानकारी र भ्रमले गर्दा रोकथाममा चुनौति भएको थियो । यी दुवै रोगले, व्यक्तिगत सरसफाइलाई अर्थपूर्ण उपायका रुपमा लिएको थियो ।

हैजाको प्रकोपको कारणले नै सरसफाइ र शुद्ध पिउने पानी, समुदायको संलग्नता, जनचेतना, खोप तथा रोगीको निगरानीले प्राथमिकता पाएको हो । हाम्रो स्वास्थ्य प्रणाली वैज्ञानिक तथा व्यवहारिक बन्नुमा हैजाको महत्वपूर्ण भूमिका छ । सयौं वर्षपछि पनि, हैजाले हामीलाई रोगलाई रोकथाम गर्नुको महत्व र जनस्वास्थ्यलाई सुदृढ गर्न दिशा निर्देशन गरिरहेको छ । चाहे कोभिड होस् या कुनै नँया रोगहरु, हैजाबाट सिकेका पाठहरु अझै पनि उत्तिकै सान्दर्भिक छ । (भूसाल जनस्वास्थ्य स्नातकोत्तरकी विद्यार्थी हुन् ।) स्वास्थ्य खबरबाट


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# सुरक्षा निकायका भौतिक संरचनाको विकासमा प्रदेश सरकारले निरन्तर ध्यान दिने : मन्त्री लेखी

**राजविराज**/मधेश प्रदेशका गृह, संचार तथा कानुनमन्त्री राजकुमार लेखीले सुरक्षा निकायका भौतिक संरचनाको विकासमा प्रदेश सरकारले निरन्तर ध्यान दिने बताएका छन् ।

बुधबार सप्तरीको कञ्चनरुप नगरपालिका नगरपालिका २ बरमझियास्थित सशस्त्र प्रहरी बलको विशेष तालिम शिक्षालयमा ब्यारेक र मेस भवनको शिलान्यास गर्दै गृहमन्त्री लेखीले यस्तो बताए हुन् ।



शिलान्यास कार्यक्रमका क्रममा मन्त्री लेखीले आगामी वर्षहरूमा सुरक्षा निकायहरूको भौतिक संरचना निर्माणमा प्रविधिसँग मेल खाने नवीनतम परियोजनाहरू समेत ल्याउन लागेको जानकारी दिए ।

सोही क्रममा मन्त्री लेखीले मधेसमा डिजेमाथि प्रतिबन्ध लगाउनुपर्ने जरुरी भइसकेको बताउँदै मधेसमा डिजे एउटा समस्याको रूपमा संस्थागत भइरहेको बताए ।

उनका अनुसार यो समस्याप्रति मधेसका सबै स्थानीय तहहरुले सक्रिय भई प्रतिबन्ध गराउनेतर्फ लाग्नु पर्ने सुझाव समेत दिए

मधेस प्रदेश सरकारको गृह, संचार तथा कानून मन्त्रालयले चालू आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक बजेट अन्तर्गत ५० लाख रुपैयाँको बजेटबाट उक्त भवन बन्न लागेको तालिम केन्द्र शिक्षालयका एसएसपी नेत्रबहादुर कार्कीले बताए ।

शिलान्यास कार्यक्रममा सप्तरीको सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्र कुमार यादव,सप्तरीका प्रहरी प्रमुख ढकेन्द्र खतिवडा, कञ्चनरुप नगरपालिकाका उपमेयर मुना कुमारी पोखरेल, वडा २ का अध्यक्ष मेहेन्दी हुसेन, वडा १२ का अध्यक्ष देवी बहादुर खत्री, सप्तकोशी नगरपालिका वडा २ का वडाअध्यक्ष जाहिर हुसेन लगायत विभिन्न क्षेत्रका प्रतिनिधि तथा पत्रकारहरूको उपस्थिति थियो ।

# वेपत्ता भएको २८ दिनमा पनि रोशनी फेला परिनन्

**राजविराज**/भारतको उत्तर प्रदेशस्थित प्रयागराजमा लागेको विशाल महाकुम्भमा स्नान पश्चात् अयोध्यास्थित रामन्दिर दर्शनका लागि परिवारसहित पुगेकी रोशनी अझै वेपत्ता छिन् ।

राजविराज नगरपालिका ७ हटिया की २० वर्षिया रोशनी कुमारी साह वेपत्ता भएको २८ दिन पुगेको छ । तर अहिले सम्म उनको पत्तो छैन ।

रोशनीका परिवार, आफन्तजन र साथी भाई समेत फोटो बोकेर सम्भावित स्थानहरु आफै खोजीमा भौतारिएका छन् । आमा फुल कुमारी, बुवा विरेन्द्र र दाजु विकास संगै फागुन ३ गते शनिवारका दिन राममन्दिर दर्शन पश्चात फर्किदै गर्दा मन्दिरको ३ नं.गेटमा अचानक उर्लिएको भीडमा उनी सम्पर्क विहीन भएको परिवारजनको भनाई छ ।



मंगलवार राजविराज फर्किएका परिवारजनले खोजतलासका क्रममा लामो समयसम्म अयोध्यामा वस्दा पनि कतैबाट कुनै सुराक फेला पार्न नसकिएको र निराश भई फर्किएको सुनाए ।

परिवारजनले उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ, भारतीय प्रहरीको एसएचओ अभिमन्यु शुक्ला, सिओ अरुण श्रीवास्तव र सिएएसइआइओ आशुतोष तिवारी लगायतका प्रहरीका उच्च अधिकारी समेतलाई भेटेर खोजतलासका लागी सहयोग गर्न आग्रह गरेका थिए । तर अहिले सम्म सफलता मिल्न सकेको छैन ।

भारतीय प्रहरीले उत्तर प्रदेशभरका ८४ वटा थाना क्षेत्रमा रोशनीको चित्र अंकित पोस्टहरु समेत पर्खालहरुमा टाँसेर खोजतलास गरिरहेको साह परिवारले जानकारी दिए ।

सीसीटीभी फुटेजमा देखिएको रोशनीलाई पच्छाई रहेका तीन जना युवकले अपहरण गरेको हुन सक्ने आशंका समेत व्यक्त गर्दै परिवारजनले सो कोणबाट पनि अनुसन्धान तथा रोशनीको अवस्था पत्ता लगाई सकुशल उद्धारमा सहयोग गर्न सबैसँग अपिल गरेका छन ।

यस क्रममा साह परिवारले मधेश प्रदेशका मुख्यमन्त्री सतिस कुमार सिंहलाई समेत भेटेर सहयोगका लागी भारत सरकार संग पहल गर्न आग्रह गरेका छन ।

रोशनीले प्रयोग गरेको मोबाईल सो दिन संयोगवश अभिभावक सित नै छाडेकाले मोबाइलको प्राविधिक पक्षबाट अनुसन्धान गर्ने पाटो पनि बन्द भएको भारतीय प्रहरीहरुले बताएको परिवारजनले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाले तीर्थयात्राका लागि भारतको अयोध्या पुगेकी राजविराजकी रोशनी सम्पर्कविहीन भएको भनी परिवारजनबाट जानकारी प्राप्त भएको तथा भारतीय प्रहरी अधिकारीहरुसँग समन्वय गरि खोजतलासमा सहयोग गर्न पहल गरेको जनाएका छन् ।

## सांसद सिंहको पुत्ला दहन गर्दै प्रदर्शन

**रौतहट**/गौरका मेयर शम्भु साहविरुद्ध गैरजिम्मेवारी अभिव्यक्ति दिएको भन्दै संघीय सांसद अमरेशकुमार सिंहको पुत्ला दहन गर्दै प्रदर्शन भएको छ ।

सांसद सिंहले शुक्रबार सदनमा गैरजिम्मेवार अभिव्यक्ति दिएको आरोप लगाउँदै मेयर साहका समर्थकसँगै गौर नगरपालिकाका पदाधिकारीहरूले नाराबाजी गर्दै पुतला दहन गरेका हुन् ।

नगरका उपप्रमुख, नगरप्रवक्ता, वडाध्यक्षहरू, वडा सदस्य, तथा स्थानीयहरूले सांसद सिंहलाई अभिव्यक्ति फिर्ता लिएर गौरवासीसँग माफी माग्न माग गरेका छन् ।

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**
**शम्भुनाथ नगरपालिका**
**नगर कार्यापालिकाको कार्यालय**
सप्तरी, मधेश प्रदेश

## अन्तर्राष्ट्रिय समाचार

### रूसी क्षेत्रमा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न पुटिनको निर्देशन

**किएभ**/युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी नेताले युद्धविरामको पहललाई बिथोल्न खोजेको आरोप लगाएपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले कुर्स्क (रूसी भू-भाग) मा रहेका युक्रेनी सेनालाई आत्मसमर्पण गर्न आह्वान गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनी सेनाको जीवन रक्षा गर्न पुटिनलाई आग्रह गर्दै आफ्ना राजदूतले प्रस्तावित ३० दिने युद्धविरामबारे रुसका नेतासँग 'फलदायी' वार्ता गरेको बताउनुभएको छ ।

गत अगष्टमा युक्रेनले कब्जा गरेको अधिकांश भूभाग पुनः कब्जा गर्दै रुसले विगत एक हप्तादेखि कुर्स्कको पश्चिमी सीमा क्षेत्रमा तीव्र प्रतिकार गरेको छ । कुर्स्कमा भएको हार युक्रेनको तीन वर्ष लामो युद्धका लागि शान्ति वार्तामा महत्वपूर्ण 'बार्गेनिङ'को रूपमा यस क्षेत्रमा आफ्नो पकड प्रयोग गर्ने योजनामा ठूलो धक्का हुनेछ ।

रुसी टेलिभिजनमा प्रशारण भएको सम्बोधनमा पुटिनले भन्नुभयो, "हामी अमेरिकी राष्ट्रपति ट्रम्पको आह्वानप्रति सहानुभूति राख्छौं ।" पुटिनले भन्नुभयो, "यदि उनीहरूले हतियार त्यागेर आत्मसमर्पण गरे भने उनीहरूलाई जीवन र सम्मानजनक व्यवहारको प्रत्याभूति हुनेछ ।"

ट्रम्पले युक्रेनका हजारौं सैनिकलाई रुसी सेनाले पूर्णरुपमा घेरेको र निकै खराब र कमजोर अवस्थामा रहेको बताउनुभएको छ । उहाँले भन्नुभयो, "मैले राष्ट्रपति पुटिनलाई उनी (रूसी जमिनमा रहेका युक्रेनी सेना) हरूको जीवन रक्षा गर्न जोडदार अनुरोध गरेको छु । यदि, रूसले त्यहाँ उनीहरूविरुद्ध आक्रमण गरेमा यो एक भयानक नरसंहार हुनेछ, जुन दोस्रो विश्वयुद्धपछि कहिल्यै देखिएको थिएन ।"

युक्रेनको सैन्य नेतृत्वले उक्त आरोपको खण्डन गरेको छ । युक्रेनका सैन्य जनरल स्टाफले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "हाम्रो युनिटलाई घेराहाल्ने वा अन्य कुनै खतरा छैन ।"

जेलेन्स्कीले किएभमा पत्रकारहरूसँगको संक्षिप्त कुराकानीमा अवस्थाबारे थप समीक्षा गर्दै भन्नुभयो, "कुर्स्क क्षेत्रको अवस्था पक्कै पनि धेरै कठिन छ तर अभियानको अझै पनि महत्व छ ।" उहाँले पूर्वी सैन्य बदोवस्तीका सामानको केन्द्र रहेको पोक्रोभ्स्कमा नियन्त्रण कायम राख्न लडिरहेका युक्रेनी सेनामाथिको दबाब कम गर्दै रुसलाई अग्रपङ्तिमा रहेका अन्य क्षेत्रबाट सेना फिर्ता बोलाउन बाध्य पारिएको बताउनुभयो ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना राजदूत स्टिभ विटकोफ र पुटिनबीच बिहीबार भएको भेटवार्ताबारे जानकारी दिँदै अमेरिका र युक्रेनबीच ३० दिनका लागि युद्धविराम गर्ने प्रस्ताव गर्नुभएको हो । "हामीले हिजो रुसका राष्ट्रपति भ्लादिमिर पुटिनसँग निकै राम्रो र फलदायी छलफल गरेका थियौं र यो भयानक र रक्तपातपूर्ण युद्धको अन्त्य हुने निकै राम्रो सम्भावना छ," ट्रम्पले आफ्नै लगानीको सामाजिक सञ्जाल (ट्रुथ सोसल प्लेटफर्म) मा भन्नुभएको छ । एजेन्सी

### दक्षिण अफ्रिकाका राजदूतलाई देश निकाला गर्ने अमेरिकाको घोषणा

**वासिङ्टन**/अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वासिङ्टनका लागि दक्षिण अफ्रिकाका राजदूतले अमेरिका र राष्ट्रपति डोनाल्ड ट्रम्पलाई घृणा गरेको आरोप लगाउँदै उहाँलाई देश निकाला गर्ने घोषणा गर्नुभएको छ ।

दक्षिण अफ्रिकी राष्ट्रपतिको कार्यालयले शनिबार दक्षिण अफ्रिकाका राजदूतलाई देश निकाला गर्ने अमेरिकी निर्णय 'खेदजनक' भएको बताएको छ । राजदूतलाई देश निकाला गर्ने घोषणा गर्दै शुक्रबार रुबियोले लेख्नुभएको छ, "संयुक्त राज्य अमेरिकाका लागि दक्षिण अफ्रिकाका राजदूतलाई अब हाम्रो महान देशमा स्वागत छैन ।"

"इब्राहीम रसुल 'अमेरिकालाई घृणा गर्ने र घृणा गर्ने एक जातिगत राजनीतिज्ञ हुन्'," ट्रम्पलाई उद्धृत गर्दै विदेशमन्त्री रुबियोले भन्नुभयो । "उहाँसँग हामीसँग छलफल गर्ने केही पनि आधार छैन र यसैले उहाँलाई अमेरिकामा 'अस्वीकार्य व्यक्ति' का रूपमा घोषणा गरिएको छ । उहाँलाई अमेरिकामा 'अस्वीकार्य व्यक्ति' (पर्सना नन ग्राटा) मानिनेछ । कुटनीतिमा कुटनैतिक शिष्टाचार अन्तर्गत विशेष सुविधा दिइएकोमा त्यस्तो सुविधाको दुरुपयोग गर्ने, कुटनयिक मर्यादाको उल्लङ्घन गर्ने व्यक्तिलाई 'होष्ट कन्ट्री'ले अस्वीकार्य व्यक्ति घोषणा गर्न सक्दछ ।

वासिङ्टन र प्रिटोरियाबीचको बढ्दो तनावको पछिल्लो घटनाक्रमका रुपमा राजदूतलाई देश निकाला गर्नु संयुक्त राज्य अमेरिकाको दुर्लभ कदम हो । ट्रम्पले गत फेब्रुअरीमा दक्षिण अफ्रिकालाई दिइने अमेरिकी सहयोग रोक्ना गर्नुभएको थियो र त्यहाँको कानुनको हवाला दिँदै श्वेत किसानहरूको जमिन जफत गर्न सकिने बताउनुभएको थियो ।

गत हप्ता ट्रम्पले दक्षिण अफ्रिकाका किसानहरूलाई संयुक्त राज्य अमेरिकामा बसोबास गर्न स्वागत गरिएको भन्दै सरकारले गोरा हरूको भूमि 'जफत' गरिरहेको आरोप दोहोऱ्याउनुभएको थियो । ट्रम्पले आफ्नो ट्रुथ सोसल प्लेटफर्ममा लेख्नुभएको छ, "सुरक्षाको कारणले दक्षिण अफ्रिकाबाट आएका कुनै पनि किसान परिवारलाई त्यस देशबाट पलायन हुनुपरेमा नागरिकताको द्रुत मार्गको व्यवस्था गर्दै उनीहरूलाई संयुक्त राज्य अमेरिकामा आमन्त्रित गरिनेछ ।"

दक्षिण अफ्रिकी मूलका अर्बपति एलन मस्कले दक्षिण अफ्रिकी राष्ट्रपति सिरिल रामाफोसाको सरकारमाथि 'खुलेआम रङ्गभेदी स्वामित्व सम्बन्धी कानुन' रहेको आरोप लगाउँदै आउनुभएको छ र उहाँ ट्रम्पका निकटतम सहयोगीमध्येका एक हुनुहुन्छ ।

दक्षिण अफ्रिकामा भूमिको स्वामित्व एक विवादास्पद मुद्दा हो । रङ्गभेदको अन्त्यको तीन दशकपछि पनि अधिकांश खेतीयोग्य जमिनहरू श्वेत समुदायको स्वामित्वमा छन् र सरकार सुधारहरू कार्यान्वयन गर्न दबाबमा छ । गत महिना दक्षिण अफ्रिकामा आयोजित जी-२० को एक कार्यक्रममा रामाफोसाले अमेरिकी राष्ट्रपति ट्रम्पले जनवरीमा पदभार ग्रहण गरेलगत्तै उहाँसँग 'सकारात्मक' कुराकानी भएको बताउनुभएको थियो । उक्त सुधारिएको भनिएको सम्बन्ध पछि 'लिक' बाहिरिएको देखिएको छ । एजेन्सी

# मविव क्याम्पस राजविराजमा पाँच प्यानलबीच प्रतिस्पर्धा



**राजविराज**/यही चैत ५ मा हुन लागेको त्रिभुवन विश्वविद्यालय अन्तर्गत स्वतन्त्र विद्यार्थी युनियन निर्वाचनमा आफ्नो पक्षमा जित हात पार्न उम्मेदवारहरु लागिपरेका छन् ।

राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा विभिन्न विद्यार्थी संगठनका उम्मेदवारहरु मतदातालाई रिझाउन कम्मर कसेर लागेका हुन् ।

मौन अवधि शुरु हुनुअघि उम्मेदवार र समबद्ध विद्यार्थी संगठनका नेताहरु विभिन्न प्रतिवद्धता सहित मतदाता नजिक पुगेर आफ्नो पक्षमा मतदानका लागि अन्तिम प्रयास गर्दैछन् ।

त्रिभुवन विश्वविद्यालय अन्तर्गतको राजविराजस्थित महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा हुन लागेको स्ववियु निर्वाचनमा नेपाल विद्यार्थी संघ र लोकतान्त्रिक विद्यार्थी संघको संयुक्त गठबन्धनबाट सभापति पदमा नितिश कुमार यादव प्यानलसहित चुनावी मैदानमा उत्रेका छन् ।

यसैगरि समाजवादी विद्यार्थी युनियन र अखिल (क्रान्तिकारी) को संयुक्त गठबन्धनबाट सभापति पदमा रंजित कुमार यादव प्यानल सहित उम्मेदवारी दिएका हुन् ।

यस्तै विद्यार्थी जनमत संघबाट त्रिवेणी कुमार यादव सभापति पदमा तथा अनेरास्ववियुको तर्फबाट मनिषा कुमारी साह सभापति पदमा प्यानल सहित चुनावी प्रतिस्पर्धामा छन् ।

त्यस्तै विनय कुमार यादव (बालेन) पनि सभापति पदमा स्वतन्त्र उम्मेदवारी दिएका छन् ।

सभापति पदका पाँचै जना उम्मेदवार सबै उम्मेदवारले विद्यार्थीको हकहित अधिकार तथा क्याम्पसमा देखिएको शैक्षिक समस्याको समाधान गर्ने प्रतिवद्धताका साथ मतदातालाई आफ्नो पक्षमा रिझाउन व्यस्त छन् ।

कूल ३ हजामर १४ मतदाता रहेको र सभापति सहित प्रत्यक्ष तर्फ १० र समानुपाति तर्फ ९ गरी कूल १९ पदका लागि हुने निर्वाचनमा ४१ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा रहेको निर्वाचन अधिकृत नन्दकिशोर यादवले जानकारी दिए ।

# दुर्घटनामा परि दुई चालकको मृत्यु

**राजविराज**/सप्तरीमा गत सोमबार दुई स्थानमा भएको सवारी दुर्घटनामा परि दुई चालकको मृत्यु भएको छ ।

हुलाकी सडक खण्ड अन्तर्गत राजविराज नगरपालिका १ पडरिया सडक खण्डमा को.1ज. २८६४ नम्बरको विंगर अनियन्त्रित भई पल्टिदा चालक रुपनी गाउँपालिका १ घर भएका ३५ बर्षीय रघु यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

महुलीबाट तिव्र गतिमा राजविराजतर्फ आउँदै गरेको विंगर अनियन्त्रित भई सडक भन्दा डेढसय मिटर तल खेतमा खसेको थियो । दुर्घटनामा घाईते चालक यादवलाई उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएपछि चिकित्सकले उनलाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ ।

गाडीमा यात्रु नरहेको र सहचालक शम्भुनाथ नगरपालिका वडा नम्बर १ का २५ बर्षीय सुन्दर साह सकुशल रहेको प्रहरीको भनाई छ ।

यस्तै सोमबारै राति राजविराज नगरपालिका ११ झल्ही नहर सडक खण्डमा भएको मोटरसाइकल दुर्घटनामा राजविराज १२ घर भएका २२ बर्षीय घनश्याम यादवको मृत्यु भएको छ । मधेश प्रदेश ०६-००१प२६२८ नम्बरको मोटरसाईल अनियन्त्रित भई पल्टिदा चालक यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

प्रहरीका अनुसार दुर्घटना घाईते भएका उनको टाउकोमा गम्भिर चोट लागेको थियो । उपचारका लागि छिन्नमस्ता अस्पताल राजविराज ल्याइएको र थपउपचारका लागि विराटनगरस्थित न्यूरो अस्पताल पुऱ्याइएकोमा उपचारकै क्रममा उनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

# हाट गर्न आएकी महिलाले सिक्रि लुटिए

**राजविराज**/हाट गर्न आएकी एक महिलाले लगाएकी सुनको सिक्रि लुटिएको छ । गत सोमबार साँझ राजविराज ७ स्थित हटिया बजार पुगेकी राजविराज ४ निवासी ५० वर्षिया सुश्मादेवी साहको सुनको सिक्रि लुटिएको हो ।

तरकारी किन्दै गरेको अवस्थामा पछाडीबाट ग्राहक बनेर आएका दुई/तीन युवाले कटरको प्रयोग गरि घाटीमा लगाएको अढाई तोलाको सुनको सिक्रि लुटेर लगेको पीडित सुश्माले बताइन् ।

यसबारे प्रहरीलाई समेत जानकारी गराएको सुश्माका श्रीमान नवलले बताएका छन् ।

यता उक्त स्थानमा रहेको सिसि टिभि क्यामरामा भाग्दै गरेको चोरको भुटेज कैद भएको छ । पीडित पक्षको उजुरी तथा सिसि टिभि फुटेजमा देखिएको हुलिया विवरणका आधारमा अपराधीको खोजतलास कार्य भइरहेको प्रहरीले जनाएको छ ।

# छुरा प्रहारबाट दुई युवा गम्भिर घाइते

**राजविराज**/राजविराज वडा नं. ७ स्थित सिरहा रोडमा बुधबार साँझ युवाहरुको समूहबीच छुरा प्रहारबाट दुई युवक घाइते भएका छन् ।

छुरा प्रहारबाट घाइते हुनेहरुमा सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ ब्रहम्पुर बस्ने २६ वर्षीय सुनिल यादव र २२ वर्षीय सुभाष यादव छन् ।

दुबै जनाको अवस्था गम्भिर रहेको जनाउँदै प्रहरीले राजविराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार पश्चात् सोही दिन थपउपचारका लागि बिराटनगर रेफर गरिएको जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडाका अनुसार उनीहरूको साथीहरूले नै छुरा प्रहार गरेको प्रारम्भिक अनुसन्धानमा पाइएको छ ।

घटनामा संलग्न एक जनालाई प्रहरीले पक्राउ गरी अनुसन्धान गरिरहेको जनाइएको छ ।

# बैकिङ कसुरका एक फरार प्रतिवादी पक्राउ

**राजविराज**/बैकिङ कसुर मुद्दामा झापा जिल्ला अदालतबाट कैद सजाय पाएर फरार रहेका एक अभियुक्तलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा सप्तरीको राजगढ गाउँपालिका ३ नर्घो निवासी २८ वर्षिय दिलिप कुमार मण्डल छन् ।

सुजन घोषको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी दिलिप कुमार मण्डल भएको बैंकिङ कसूर मुद्दामा फरार रहेका प्रतिवादी मण्डललाई पक्राउ गर्न झापा जिल्ला अदालतबाट २०८१ साल माघ २९ गते आदेश दिएको थियो ।

पक्राउ गर्न अनुमती प्राप्त भएपछी जिल्ला प्रहरी कार्यालय सप्तरीले प्रतिवादीलाई खोजतलास गर्दै जाँदा उनलाई नर्घोबाटै फागुन २७ गते पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका मण्डललाई आवश्यक अनुसन्धान कार्यका लागि जिल्ला प्रहरी कार्यालय भद्रपुर झापा अपराध अनुसन्धान तथा कारवाही शाखामा पठाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।


## चाडपर्व प्रति सम्मान गरौं ।

- चाडपर्व मनाउँदा अनावश्यक तडकभडक नगरौं,
- मौलिक संस्कार र सँस्कृति झल्कने गरी चाडपर्व मनाऔं,
- चाडपर्वलाई सभ्य, शिष्ट र मर्यादित रुपमा मनाऔं,
- धार्मिक, सांस्कृतिक संस्कारलाई निरन्तरता दिऔं,
- असल आचरण र सामाजिक सद्भाव प्रवर्द्धन गरौं,
- एक अर्काको चाडपर्व प्रति सम्मान गरौं,
- अरुलाई नकरात्मक असर पार्ने गतिविधि नगरौं,
- धर्म सँस्कृति र परम्परालाई सम्मान गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् । धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

**कंकालिनी मन्दिर :** हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

**शम्भुनाथ मन्दिर :** यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

**हनुमान मन्दिर :** हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

**कोशी टप्पु :** कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

**धारापानी क्षेत्र :** चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

**लोहजारा दह :** तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिकनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं । **सप्तरीका पर्यटकीय स्थलहरुको संरक्षणमा आ-आफ्नो तर्फबाट योगदान पुऱ्याऔं ।**

**जनहीतका लागि : उद्योग, बाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, पर्यटन विकास कार्यालय लहान, सिरहा**


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*